धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १०२ ◆ २०८३ कात्तिक ११ बुधबार ◆ Wednesday, October 28, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/–

सप्तकोशी बोट दुर्घटनाबारे अध्ययन गर्न समिति गठन

❑ *प्रत्यूष समाचारदाता*

विराटनगर। कोशी प्रदेश सरकारले प्रदेशको मुख्यन्यायाधिवक्ता कार्यालयको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन प्रदेश सभामा पेस गर्ने निर्णय गरेको छ। मंगलबार बसेको मन्त्रि परिषद्को बैठकबारे जानकारी दिँदै सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री गोम्बु शेर्पाले सो प्रतिवेदन सभामा पेश गर्ने निर्णय भएको बताउनुभयो ।

त्यसैगरी प्रवक्ता शेर्पाका अनुसार बैठकले यही कात्तिक ८ गते धनकुटा, भोजपुर र उदयपुरको सङ्गमस्थल त्रिवेणीस्थित सप्तकोशी नदीमा बोट दुर्घटनाको सत्य, तथ्य अध्ययन एवं छानबिनको लागि प्रदेश सचिव आसमान तामाङको संयोजकत्वमा सात दिनभित्र प्रतिवेदन बुझाउने गरी छानबिन समिति गठन भएको छ ।

बैठकबाट मृतक परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दै दुर्घटनामा हराइ रहेका व्यक्तिको खोजी गर्न सम्बन्धित निकायमा आग्रह गर्ने निर्णय भएको प्रवक्ता शेर्पाले बताउनुभयो। उहाँले कोशी प्रदेश समन्वयात्मक पर्यटकीय सेवा कक्ष तथा 'हटलाइन' सञ्चालन निर्देशिका, २०८३ स्वीकृत भएको जानकारी दिनुभयो ।

तिहारमा करिब ५२ लाख माला खपत हुने अनुमान

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । आगामी तिहारमा काठमाडौँ उपत्यका करिब ५२ लाख वटा फूलका माला खपत हुने अनुमान गरिएको छ ।

फ्लोरिकल्चर एसोसिएसन नेपालद्वारा मंगलबार काठमाण्डौमा आयोजित पत्रकार सम्मेलनमा आगामी तिहारमा सयपत्री फूलका ४५ लाख र मखमलीका छ लाख, गोदावरीका २० हजार र मिक्स फूलका ६० हजार माला खपत हुने जनाएको छ । फ्लोरिकल्चर एसोसिएसन नेपालका अध्यक्ष राजेशभक्त श्रेष्ठले यस पटकको तिहारमा स्वदेशी उत्पादनकै फूल र मालाले धान्ने दाबी गर्नुभयो ।

"तिहारमा करिब ५२ लाख विभिन्न फूलका माला आवश्यक पर्ने अनुमान गरेका छौँ", उहाँले भन्नुभयो, "५२ लाख फूलका मालाका लागि करिब ४८ करोडको कारोबार हुने अपेक्षा गरिएको छ।" अध्यक्ष श्रेष्ठले एसोसिएसनले ५२ लाख मालामध्ये करिब ४० लाख माला स्वदेशी उत्पादनबाटै हुने अपेक्षा गरिएको सो अवसरमा जानकारी दिनुभयो ।

एसोसिएसनका अनुसार यस पालिको तिहारमा सयपत्री फूलको ४५ लाख मालालाई औसत रु ९० को थोक मूल्यको आधारमा रु ४० करोड ५० लाख, मखमली फूलको छ लाख मालालाई औसत थोक मूल्य रु ४५ का दरले रु दुई करोड ७० लाख, गोदाबरी फूलको २० हजार मालालाई औसत थोक मूल्य रु एक हजार २०० का दरले रु दुई करोड ४० लाख र मिक्स फूलको ६० हजार मालालाई औसत थोक मूल्य रु ४०० का दरले दुई करोड ४० लाख पर्ने बताएको छ। यसैबीच एसोसिएसनले यही कात्तिक १२ गतेदेखि १६ गतेसम्म

ललितपुरको जावलाखेलमा १९औँ गोदावरी फूल प्रतियोगितात्मक प्रदर्शनी गर्ने भएको एसोसिएसनका उपाध्यक्ष तथा मेला संयोजक सुमन महर्जनले जानकारी दिनुभयो । मेलामा सेल्फिसहित ७८ वटा व्यावसायिक फूलका कक्ष रहने छन्। मेलामा ४५० प्रजातिका फूल तथा बिरुवा राखिने आयोजक संस्थाले जनाएको छ ।

मेलाको करिब ३९ हजार जनाले अवलोकन गर्ने अनुमान गरिएको छ । फ्लोरिकल्चर एसोसिएसन नेपालद्वारा मंगलबार काठमाण्डौमा आयोजित पत्रकार सम्मेलनमा आगामी तिहारमा सयपत्री फूलका ४५ लाख र मखमलीका छ लाख, गोदावरीका २० हजार र मिक्स फूलका ६० हजार माला खपत हुने जनाएको छ ।

फ्लोरिकल्चर एसोसिएसन नेपालका अध्यक्ष राजेशभक्त श्रेष्ठले यस पटकको तिहारमा स्वदेशी उत्पादनकै फूल र मालाले धान्ने दाबी गर्नुभयो ।

परराष्ट्रमन्त्री खनालसँग साइप्रसका गैर आवासीय राजदूतको शिष्टाचार भेटवार्ता

काठमाडौं । परराष्ट्रमन्त्री शिशिर खनालसँग नेपालका लागि साइप्रस का गैरआवासीय राजदूत इभागोरस भ्रियोनिडेसले मंगलबार शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

सिंहदरबारस्थित परराष्ट्र मन्त्रालयमा भएको सो भेटवार्तामा मन्त्री खनाल र राजदूत भ्रियोनिडेस बीच नेपाल र साइप्रसबीचको द्विपक्षीय सहकार्यका विभिन्न विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

त्यस भेटका अवसरमा परराष्ट्रमन्त्री खनालले साइप्रसमा रहेका नेपालीका बारेमा चासो व्यक्त गर्नुभएको थियो ।

साथै, बहुपक्षीय मञ्चहरुमा आपसी हित र सहकार्य गर्ने विषयमा उहाँहरूबीच छलफल भएको मन्त्रालयले जनाएको छ ।

एनपिएलः विराटनगर किङ्सविरुद्ध चितवन राइनोजको जित

काठमाडौँ । पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) टी–२० क्रिकेट प्रतियोगितामा चितवन राइनोजले विजयी सुरुआत गरेको छ ।

मंलबार (हिजो) भएको पहिलो खेलमा विराटनगर किङ्स लाई ८ रनले हराउँदै चितवनले प्रतियोगितामा विजयी सुरुआत गरेको हो । विराटनगरले हारबाट प्रतियोगिताको सुरुआत गरेको छ । आफ्नो पहिलो खेलमा चितवनले दिएको १५८ रनको लक्ष्य विराटनगर १९.३ ओभरमा १४९ रनमा मात्र अलआउट भयो ।

उसका लागि प्रारम्भिक ब्याटर इमरान शेखले ३१ बलमा ४ चौका र २ छक्कासहित ३९ रनको पारी खेले । यस्तै, आन्द्रे रसेलले १७ बलमा ४ छक्का र १ चौकाको मद्दतमा ३३ रन बनाए । लोकेश बम २६, शुभम रञ्जने १०, बसिर अहमद १३, एन्जेलो म्याथ्युज १४ रनमा आउट भए ।

चितवन राइनोजका लागि बलिङतर्फ कमल सिंह ऐरीले उत्कृष्ट बलिङ गरे ।

उनले चार ओभरमा २६ रन दिएर सर्वाधिक ४ विकेट लिए । यस्तै, रिजन ढकालले २ तथा टम टेलर, मौसम ढकाल, ड्यान मोस्ली र रञ्जित कुमारले समान १/१ विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा टस हारेर ब्याटिङको मौका पाएको चितवनले निर्धारित २० ओभरमा ३ विकेटको क्षतिमा १५७ रन बनायो। उसका लागि ओपनर डेविड मलानले अर्धशतकीय पारी खेले ।

उनले ५० बलमा ५ चौका र ५ छक्कासहित ७० रनको पारी खेलेका हुन् । यस्तै, अविजित रहेका कप्तान रवि बोपाराले ३२ र ड्यान मोस्लीले २९ जोडे। देव खनाल १२ रनमा आउट भए ।

खेलमा विराटनगरका लागि बलिङतर्फ एन्जेलो म्याथ्युज, आन्द्रे रसेल र चरिथ असाङ्काले समान १/१ विकेट लिए । प्रतियोगितामा आज नै हुने अर्को खेलमा जनकपुर बोल्ट्स र कर्णाली याक्स प्रतिस्पर्धा गर्ने छन् । यी दुई टोलीबीचको खेल अपरान्ह ५:०० बजेदेखि सुरु हुनेछ ।

जारी तस्रो संस्करणको एनपिएलमा पनि आठवटा टोलीले प्रतिस्पर्धा गरिरहेका छन् । प्रतियोगिता मङ्सिर ५ गतेसम्म सञ्चालन हुनेछ ।

काठमाडौँका विभिन्न स्थानमा चोरी गर्ने चार भारतीय पक्राउ

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । काठमाडौँका विभिन्न स्थानमा घर तथा फ्ल्याटमा कोही नभएको मौका पारी नगद, सुन तथा चाँदीका गरगहनालगायतका धनमाल चोरी गर्ने चार जना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले कलङ्की क्षेत्रका विभिन्न घरमा चोरी गरेको आरोपमा उनीहरूलाई चोरीका सामानसहित पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा भारतको बिहार राज्यस्थित समस्तीपुर खेसराहा घर भई हाल काठमाडौँ महानगरपालिका–१३ कालीमाटी बस्ने २५ वर्षीय विकास पोदार, १९ वर्षीय राजुकुमार भन्ने राजु पोदार, २३ वर्षीय राजेन्द्र पोदार भन्ने राजेन्द्र कुमार र ४६ वर्षीया विणा देवी रहेका छन् ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रामेश्वर कार्कीका अनुसार पक्राउ परेकाहरूले यही कात्तिक ७ गते काठमाडौँको कलङ्कीस्थित तासिङडोल मार्गमा बस्ने उर्मिला भन्ने सीता थपलिया को फ्ल्याटमा कोही नभएको मौका पारी ढोकाको ताला फोडेर नगद, सुन तथा चाँदीका गरगहना लगायतका धनमाल चोरी गरेको अनुसन्धानबाट खुलेको हो। उहाँले भन्नुभयो, "घर तथा फ्ल्याटमा कोही नभएको मौका छोपेर ढोकाको ताला फोडी नगद तथा सुनचाँदीका गरगहना चोरी गर्ने कार्यमा संलग्न रहेको आरोपमा चार जना भारतीय नागरिकलाई पक्राउ गरेका छौं।"

प्रहरीका अनुसार पक्राउ परेका उनीहरूले यही कात्तिक ६ गते बिहान कलङ्कीको रञ्जित कोलोनी स्थित नीरञ्जन नेपालको घरमा समेत चोरी गरेको खुलेको छ । लगातार दुई दिन फरक-फरक घरमा चोरीका घटना भएपछि प्रहरीले घटनामा संलग्न विभिन्न व्यक्तिहरूको खोजतलास तथा अनुसन्धान अघि बढाएको थियो ।

अनुसन्धानका क्रममा चोरीका घटनामा संलग्न रहेको आरोपमा उनीहरूलाई पक्राउ गरिएको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिनुभयो । पक्राउ परेकाहरूको साथबाट चोरी

गरिएका सुन तथा चाँदीका गरगहना र नगदसमेत बरामद गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका चारै जना लाई बरामद गरिएका सामान सहित थप अनुसन्धान तथा आवश्यक कानुनी कारबाहीका लागि प्रहरी वृत्त कालीमाटी पठाइएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

चुनावी तिक्ततालाई अन्त्य गर्नुपर्छ : सभापति थापा

पोखरा। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीभित्रको आन्तरिक तिक्ततालाई अन्त्य गर्नुपर्ने बताउनुभएको छ ।

बिपी स्मृति पुस्तकालय गण्डकी प्रदेशद्वारा मंगलबार पोखरामा आयोजित सम्मान कार्यक्रममा सभापति थापाले पार्टीबाट टाढिएका मतदाताको घरदैलोमा पुगेर कांग्रेसले पुनःसंवाद थाल्ने जानकारी दिनुभयो ।

उहाँले ११३औँ बिपी जयन्तीका अवसरमा विगतमा कांग्रेससँग आबद्ध रहेका तर पछिल्लो समय अलग भएका परिवारसँग विशेष अभियान सञ्चालन गरी जोडिनुपर्ने धारणा राख्नुभएको हो। सभापति थापाले भन्नुभयो, "दुई लाखभन्दा बढी परिवारहरु अहिले हामीसँग अलग हुनुभएको छ । ती अलग भएका परिवारलाई हामीले खोज्नुपर्‍यो । उहाँहरुसँग संवाद गर्नुपर्‍यो ।"

पार्टीमा २० देखि ८० वर्षसम्मका चार पुस्ता क्रियाशील रहेको उल्लेख गर्दै सभापति थापाले पाका नेताको अनुभव र युवाहरुको ऊर्जाको संयोजनबाट मात्र नतिजा हासिल हुने स्पष्ट पार्नुभयो। आफ्नो चार वर्षे कार्यकालमा निष्ठापूर्वक काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले नेताहरुलाई भङ्गिकलो शैली त्यागेर गाउँ-गाउँमा खटिन निर्देशन दिनुभयो । आगामी स्थानीय तहको निर्वाचनमा उम्मेदवार छनोटको सम्पूर्ण अधिकार तल्लो तहलाई दिइने सभापति थापाले बताउनुभयो ।

सभापति थापाले नेपाली कांग्रेसमा रहेर विशिष्ट योगदान पुर्‍याउनु भएका गण्डकी प्रदेशका ११ जिल्लाका एक/एक जनालाई सम्मान गर्नुभएको थियो ।

सम्मानित हुनेहरुमा नवलपुरका सुमित्रादेवी खनाल, गोरखाका राममणि धिताल, लमजुङका नवीन बानियाँ, तनहुँका झपटबहादुर केसी, मनाङका पेम्बा दोर्जे लामा, कास्कीका कृष्णबहादुर कुँवर, स्याङ्जाका शालिकराम

न्यौपाने, पर्वतका बलभद्र शर्मा, बागलुङका हरिप्रसाद श्रेष्ठ, म्याग्दीका पृथ्वीमान छन्त्याल र मुस्ताङका सोनम धोर्जे विष्ट हुनुहुन्छ। उहाँहरुलाई जनही रु २५ हजारसहित सम्मानपत्र र दोसल्लाले सम्मान गरिएको हो ।

सम्पादकीय ....

इनर्जी ड्रिङ्क्स् निरुत्साहित गरौं

पछिल्लो समय नेपाली बजारमा विभिन्न ब्रान्डका इनर्जी ड्रिङ्क्सको प्रयोग बढ्दै गएको छ । आकर्षक बोतल, रंगीन प्याकेट, मीठो स्वाद र प्रभावकारी विज्ञापनका कारण विशेषगरी युवा तथा बालबालिकाहरू यस्ता पेय पदार्थप्रति आकर्षित हुने गरेका छन् । थकान हटाउने, शरीरमा ऊर्जा बढाउने र सक्रिय बनाउने दाबीका कारण यसको सेवन गर्ने प्रवृत्ति बढेको देखिन्छ । तर यस्ता पेय पदार्थ सबै उमेर र अवस्थाका व्यक्तिका लागि सुरक्षित हुँदैनन् । विशेषगरी बालबालिका, गर्भवती तथा सुत्केरी महिलाले इनर्जी ड्रिङ्क्स सेवन गर्नबाट टाढै रहनु आवश्यक छ ।

इनर्जी ड्रिङ्क्समा सामान्यतया क्याफिन, चिनी तथा अन्य उत्तेजक पदार्थहरू मिसाइएका हुन्छन् । यस्ता पदार्थले केही समयका लागि शरीरमा स्फूर्ति आएको महसुस गराए पनि यसको अत्यधिक सेवनले स्वास्थ्यमा नकारात्मक असर पार्न सक्छ । मुटुको धड्कन बढ्ने, निद्रामा समस्या आउने, बेचैनी हुने, रक्तचाप बढ्ने तथा पेटसम्बन्धी समस्या देखिन सक्ने जोखिम रहन्छ। त्यसैले क्षणिक स्फूर्तिका लागि स्वास्थ्यलाई जोखिममा पार्नु बुद्धिमानी होइन ।

बालबालिकाको शारीरिक तथा मानसिक विकास भइरहेको हुन्छ । उनीहरूको शरीर क्याफिनजस्ता उत्तेजक पदार्थप्रति बढी संवेदनशील हुन सक्छ । इनर्जी ड्रिङ्क्सको सेवनले निद्रामा बाधा पुऱ्याउनुका साथै चिडचिडापन, बेचैनी र मुटुको धड्कन बढ्ने समस्या निम्त्याउन सक्छ । पर्याप्त निद्रा र सन्तुलित पोषण बालबालिकाको विकासका लागि अत्यन्त आवश्यक हुन्छ । त्यसैले अभिभावकले बालबालिकालाई इनर्जी ड्रिङ्क्सको सट्टा स्वच्छ पानी, दूध, फलफूल र घरमै तयार गरिएका पौष्टिक खानेकुरा सेवन गर्ने बानी बसाल्नुपर्छ ।

गर्भावस्थामा महिलाले सेवन गर्ने खानेकुरा तथा पेय पदार्थले आमा र गर्भमा रहेको शिशु दुवैको स्वास्थ्यमा प्रभाव पार्न सक्छ । इनर्जी ड्रिङ्क्समा हुने क्याफिनको मात्रा बढी हुन सक्ने भएकाले यसको सेवनले गर्भावस्थामा जोखिम बढाउन सक्छ । गर्भवती महिलाले दैनिक क्याफिनको मात्रा स्वास्थ्यकर्मीको सल्लाहअनुसार सीमित राख्नुपर्छ । विश्व स्वास्थ्यसम्बन्धी सिफारिसअनुसार गर्भावस्थामा कुल क्याफिन सेवन प्रतिदिन २०० मिलिग्रामभन्दा बढी नहुनु उचित मानिन्छ। इनर्जी ड्रिङ्क्समा क्याफिनको मात्रा फरक-फरक हुने भएकाले गर्भवती महिलाले यस्ता पदार्थ नसेवन गर्नु नै सुरक्षित विकल्प हो ।

सुत्केरी अवस्थामा आमाको शरीरलाई पर्याप्त आराम, पौष्टिक आहार र पानी आवश्यक हुन्छ । स्तनपान गराइरहेकी आमाले सेवन गरेको क्याफिनको केही मात्रा दूधमार्फत शिशुसम्म पुग्न सक्छ । यसले विशेषगरी साना शिशुमा निद्रासम्बन्धी समस्या र बेचैनी निम्त्याउन सक्छ । त्यसैले सुत्केरी तथा स्तनपान गराउने महिलाले इनर्जी ड्रिङ्क्सबाट टाढा रहनु र आफ्नो अवस्थाअनुसार स्वास्थ्यकर्मीको सल्लाह लिनु उचित हुन्छ । इनर्जी ड्रिङ्क्सको प्रयोग नियन्त्रण गर्न व्यक्ति, परिवार, विद्यालय, सञ्चारमाध्यम, व्यवसायी र सम्बन्धित सरकारी निकाय सबैको भूमिका महत्वपूर्ण छ। बालबालिकालाई लक्षित गरी गरिने भ्रामक प्रचारप्रसारप्रति सचेत हुनुपर्छ ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८४११२०८५०
Email : pratyushdainik@gmail.com

आधुनिक यन्त्रले सहज बन्दै ग्रामीण कृषि

भेषराज बस्नेत

गाउँगाउँमा परम्परागत खेती प्रणालीलाई आधुनिक प्रविधिले विस्थापित गरेसँगै ग्रामीण कृषि कर्म सहज बन्दै गएको छ । विशेषगरी धान तथा गहुँ थन्क्याउने बेलामा जनशक्तिको अभाव झेल्दै आएका किसानहरूका लागि धान र गहुँ झार्ने थ्रेसर मेसिन, काट्ने रिपरजस्ता प्रविधिको विकासले एकातिर किसानको समय र श्रम बचत गरेको छ भने अर्कोतिर ग्रामीण क्षेत्रका युवाहरूका लागि स्वरोजगार र आम्दानीको गतिलो माध्यमसमेत बनेको छ ।

नेपालगञ्ज उपमहानगरपालिका-१९ का किसान मोहम्मद इस्लाम खाँका आँखा अगाडि अझै पनि दश वर्षअघिको दृश्य घुमिरहन्छ। उतिबेला पाकेको धानका बिटा बाँधेर खलामा लैजानुपर्थ्यो वा खेतका गरामै खलो बनाएर जनशक्ति खेताला लगाई धान झार्नुपर्थ्यो । त्यो बेला कसैले "एकैछिनमा धान झार्ने मेसिन आउँछ" भन्दा उहाँ पत्याउनु हुन्नथ्यो । आज समय बदलिएको छ । हिजो मेसिनको अस्तित्वमाथि शङ्का गर्ने उनै इस्लाम खाँ अहिले धान बाली थन्क्याउन थ्रेसर मेसिनको नियमित प्रयोगकर्ता हुनुहुन्छ ।

"अहिले यो मेसिनका कारण पाकेको धान झार्न असाध्यै सजिलो र छिटो भएको छ", खाँले आफ्नो अनुभव सुनाउँदै भन्नुभयो, "गाउँका सबैजसो किसानले धान बाली थ्याहर्न थ्रेसर नै प्रयोग गर्छन् । वैदेशिक रोजगार र अन्य कारणले खेतीपाती मा काम गर्ने जनशक्ति कम हुँदै गएका बेला यो मेसिन किसानका लागि ठूलो सहारा बनेको छ ।" बाँकेका गाउँगाउँमा आधुनिक कृषि प्रविधिको प्रवेशले परम्परागत खेती प्रणालीलाई एकाएक सहज बनाइ दिएको छ । नेपालगञ्ज-१९ सुईया गाउँका अर्का किसान ध्रुवकुमार थापा क्षेत्री एक दशकदेखि जोत्नका लागि ट्याक्टर र धान-गहुँ थन्क्याउन थ्रेसर मेसिन प्रयोग गर्दै आउनुभएको छ। त्यसअघि अर्मपर्म तथा खेताला लगाएर खेती गर्ने उहाँको अनुभवमा प्रविधिले कामलाई पूर्ण रूपमा बदलिदिएको छ। "गाउँमा काम गर्ने खेताला पाउनै मुस्किल छ, पाइहाले पनि दैनिक ६ सयदेखि एक हजारसम्म ज्याला माग्छन्", क्षेत्रीले भन्नुभयो, "मजदुरी लगाउँदा समय धेरै लाग्छ तर थ्रेसर लगाउँदा बिना झन्झट समयमै धान भित्राउन पाइन्छ । पैसा भएपछि रोप्नेदेखि उत्पादन भित्र्याउनसम्म धेरै सजिलो भएको छ ।"

गाउँगाउँमा थ्रेसर मेसिनको माग बढेसँगै यसले स्थानीय स्तरमा स्वरोजगारको अवसर पनि सिर्जना गरेको छ । नेपालगञ्ज-१९ का अमजत अली शेखले पनि सात वर्षदेखि थ्रेसर मेसिन सञ्चालन गर्दै आउनुभएको छ । उहाँका अनुसार विशेषगरी धेरै जग्गा भएका र घरमा काम गर्ने जनशक्ति कम भएका कृषकहरूले थ्रेसरको बढी माग गर्छन् । "थ्रेसरले एक घण्टामा १० क्वोसम्मको धानबाली थन्क्याउन सकिन्छ", शेखले यसको फाइदा खुलाउँदै भन्नुभयो, "पराल दाइँ गर्नुपर्ने वा धान केलाइरहनुपर्ने झन्झट हुँदैन । काम छिटो, खर्च कम र समयको बचत हुन्छ ।" शेखले रु तीन लाख ५० हजार रूपैयाँमा किनेको थ्रेसर मेसिनबाट धानबालीको सिजनमा मात्रै सबै खर्च कटाएर करिब रु एक लाख ५० हजारसम्म कमाई गर्ने गर्नुहुन्छ। उहाँले शुल्कबापत प्रतिघण्टा रु.दुई हजार ५०० वा एक क्विन्टल धान बराबर १२ किलो धान लिने गर्नुभएको छ ।

केही वर्ष अघिसम्म गाउँमा सबैजसो किसानले काटेको धान एउटै स्थानमा जम्मा गरेर पालैपालो थ्रेसर चलाउने गरे पनि अहिले प्रत्येक किसानको खेत-खेतमा थ्रेसर मेसिन पुर्‍याउनु पर्दा इन्धन र समय धेरै खर्च हुने गरेको अमजतको दुखेसो छ । गाउँमा सुरुमा आफूले थ्रेसर मेसिन सञ्चालन गरेपनि अहिले अन्य गाउँबाट समेत किसानले मेसिन मगाउने भएकोले प्रतिस्पर्धा हुने गरेको छ। यतिबेला धान झार्ने समयमा बिहान ५ बजेदेखि राति १२ बजेसम्म पनि किसानको खेतमै थ्रेसर पुऱ्याउने गरेको अमजतले बताउनुभयो । राप्ती सोनारी गाउँपालिकास्थित साकार कृषि सहकारी संस्थाका व्यवस्थापक जमानसिंह वलीले मजदूरी लगाएर धान झार्न लामो समय लाग्ने र धेरै जनशक्ति चाहिने भएकाले थ्रेसर मेसिनप्रति किसानको आकर्षण ह्वात्तै बढेको बताउनुभयो। उहाँका अनुसार परम्परागत खेती प्रणालीको विकल्पमा भित्रिएको आधुनिक कृषि यन्त्र थ्रेसर मेसिनले ग्रामीण अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ। एकातर्फ यसले खेतीपातीमा जनशक्ति अभावको समस्यालाई समाधान गर्दै समयमै बाली भित्र्याउन सघाएको छ भने अर्कातर्फ मिहेनेती युवाहरूलाई आफ्नै गाउँमा बसेर स्वावलम्बी र आत्मनिर्भर बन्ने अवसर प्रदान गरेको छ ।

वलीले आफ्नो सहकारीमा आबद्ध आठ हजार बढी किसान सदस्य अहिले कृषि कर्ममा आधुनिक प्रविधिको प्रयोग गरी छिटोछरितो र गुणस्तरीय उत्पादन गर्दै आएको बताउनुभयो । कृषिमा मेसिनको प्रयोगले आर्थिक रुपमा सस्तो हुने, श्रमको प्रयोग गर्न नपर्ने र छिटो पनि हुने भएकोले किसान प्रविधिमैत्री बन्दै गएको उहाँको भनाइ छ । सरकारका तर्फबाट यस्ता कृषि उपकरण खरिदमा अनुदान वा सहुलियत दिन सकेमा कृषिमा थप यान्त्रिकीकरण भई उत्पादन लागत घट्ने र गाउँ-गाउँमा स्वरोजगारका अवसरहरू थप विस्तार हुने उहाँले उल्लेख गर्नुभयो ।

कृषिमा श्रम अभाव र बढ्दो लागत किसानका लागि चुनौती बन्दै गएका बेला बाँकेका किसानले कृषि प्रविधिलाई विकल्पका रूपमा अपनाउन थालेका छन्। धान काट्ने समय सुरु भएसँगै खेतमा परम्परागत श्रमशक्तिको स्थान कृषि यन्त्रले लिन थालेको छ। यसले कृषि पेशालाई निर्वाहमुखी बाट क्रमशः व्यावसायिक र प्रविधिमैत्री बनाउने संकेत देखाएको किसान महासङ्घ बाँकेका अध्यक्ष कृष्णविक्रम केसीले बताउनुभयो । उहाँका अनुसार यतिबेला धान झार्न प्रयोग हुने थ्रेसर र धान काट्न प्रयोग हुने रिपर मेसिनप्रति किसानको आकर्षण पछिल्ला वर्षमा बढ्दै गएको छ। कृषिमा काम गर्ने जनशक्तिको अभाव, मजदूरको बढ्दो ज्याला र समयमै खेतीको काम सम्पन्न गर्नुपर्ने बाध्यताले किसानलाई यान्त्रिकीकरणतर्फ आकर्षित गरेको छ। रिपर मेसिनले प्रतिघण्टा करिब १० देखि १५ कठ्ठासम्म धान काट्न सक्ने र करिब एक लिटर डिजेल खपत गर्ने गर्दछ। यसले छोटो समयमा ठूलो क्षेत्रफलको धान काट्न सहयोग पुर्‍याउने भएकाले किसानको समय र श्रम दुवै बचत हुने गरेको केसीले बताउनुभयो ।

धान काट्ने काममा मात्रै नभई खेत तयार पार्नसमेत किसानले आधुनिक उपकरणको प्रयोग बढाएका छन् । मिनि टिलर जोत्न प्रयोग हुने प्रमुख उपकरणका रूपमा स्थापित हुँदै गएको छ । केसीका अनुसार मिनि टिलरले प्रति घण्टा करिब पाँचदेखि १० कठ्ठासम्म जमिन जोत्नसक्ने र करिब एक लिटर डिजेल खपत गर्ने गर्दछ । यसबाट किसानले कम जनशक्तिमा खेतीको तयारी गर्नसक्ने अवस्था बनेको छ । कृषि उत्पादनसँगै पशुपालनलाई पनि प्रविधिसँग जोड्नसके उत्पादन लागत घटाउने, श्रम व्यवस्थापन गर्ने र व्यावसायिक उत्पादन विस्तार गर्ने सम्भावना बढ्ने केसीको भनाइ छ। "कृषिमा प्रविधिको प्रवेशलाई मजदुरको विकल्पका रूपमा मात्र बुझ्नु उपयुक्त हुँदैन ।

यसले किसानलाई समयमै खेती गर्न, श्रम र लागत व्यवस्थापन गर्न, उत्पादनको आकार बढाउन तथा कृषिलाई व्यवसायसँग जोड्न मद्दत गर्छ", उहाँले भन्नुभयो,"खेतमा यन्त्रको प्रयोग बढ्नु कृषि औद्योगिकीकरणतर्फ अघि बढ्ने आधारसमेत बन्न सक्छ। तर यान्त्रिकीकरणसँगै किसानको आवश्यकता र स्थानीय अवस्था अनुसार उपयुक्त प्रविधि छनोट, मेसिन सञ्चालनसम्बन्धी सीप, मर्मतसम्भारको व्यवस्था र सहज वित्तीय पहुँच आवश्यक हुन्छ ।"

सरकारले अनुदान वितरण मा पारदर्शिता र वास्तविक किसानको पहुँच सुनिश्चित गर्दै 'मेसिन दिने' मात्र होइन, 'मेसिन चलाउने सीप र बजार दिने' नीति अघि बढाउनसके कृषि अझ दिगो र व्यावसायिक बन्ने उहाँले उल्लेख गर्नुभयो । कृषि यान्त्रिकीकरणमा स्थानीय तथा प्रदेश सरकारबाट समय-समयमा उपलब्ध हुँदै आएको अनुदानले पनि किसानलाई प्रविधि अपनाउन सहज बनाएको छ। बाँके जिल्लामा कृषि प्रविधिको पहुँच केवल धान झार्नमा मात्र सीमित छैन; यसले समग्र कृषि क्षेत्रको उत्पादकत्व बढाउनसमेत योगदान पुर्‍याएको छ। कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी तथा वरिष्ठ कृषि प्रसार अधिकृत सुजिता शर्माका अनुसार पछिल्लो समय जिल्लाका धेरैजसो किसानले आधुनिक यन्त्र तथा उपकरण प्रयोग गरेर कृषि कार्य गरिरहेका छन् । कृषिमा प्रविधिको प्रयोगले किसानलाई काममा सहजता ल्याउनुका साथै बालीको नोक्सानी घटाएर उत्पादन वृद्धि गर्नसमेत प्रत्यक्ष सहयोग पुगेको शर्माले बताउनुभयो । पछिल्ला वर्षहरूमा प्रविधिको प्रयोगले कृषि क्षेत्रलाई थप व्यवस्थित र आधुनिक बनाउँदै लगेको छ । खेताला नपाएर खेतमै धान बिग्रिने चिन्ताबाट बाँकेका किसानले राहत पाएका छन्, जसले नेपाली कृषि क्षेत्र विस्तारै परम्परागत ढाँचाबाट आधुनिकतातर्फ रूपान्तरण भइरहेको सङ्केत गरेको सूचना अधिकारी शर्माको भनाइ छ ।

किसानलाई प्रविधिमैत्री बनाउन कृषि ज्ञान केन्द्रले पनि विभिन्न कृषि औजार, मेसिन र उपकरण खरिदमा केही प्रतिशत अनुदानको कार्यक्रम सञ्चालन गर्दै आएको सूचना अधिकारी शर्माले जानकारी दिनुभयो । "कृषि हाम्रो अर्थतन्त्रको आधार हो ।

पशु वधशाला र मासु जाँच सम्बन्धी सूचना

"उपभोक्तालाई स्वस्थ मासु उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारबाट २०८३ मंसिर १ गतेदेखि काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानीय तहहरुमा, २०८३ माघ १ गतेदेखि बाँकी सबै नगरपालिकाहरुमा र २०८४ साउन १ गतेदेखि देशैभरी पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागु हुने गरी राजपत्रमा सूचना प्रकाशन भएको हुँदा ऐन कार्यान्वयनमा मासु व्यवसायी लगायत सम्पूर्ण सरोकारवालाहरुको सहयोगका लागि हार्दिक अनुरोध छ" ।

मासु मात्र हैन, स्वस्थ मासु खोजौं ।

नेपाल सरकार,
विज्ञापन वोर्ड

जनशक्ति थपेर लालपुर्जा वितरण गरिँदै

नारायणगढ । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले भूमिहीन दलित, सुकुमवासी तथा अव्यवस्थित बसोबाससम्बन्धी समस्या यथाशीघ्र समाधान गर्न आवश्यक जनशक्ति थपेर लालपुर्जा वितरण गरिने बताउनुभएको छ ।

जिल्लाका सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, अन्य सरोकारवाला तथा भूमि समस्या समाधान समितिका अधिकारीको छलफलपछि उहाँले लालपुर्जा वितरण प्रक्रियालाई तीव्रता दिन आवश्यक जनशक्ति व्यवस्थापन गरिने स्पष्ट पार्नुभयो । मन्त्री रावलले भन्नुभयो, "प्राप्त सुझावका आधारमा काम कसरी छिटो गर्न सकिन्छ भन्ने विषयमा छलफल गरेका छौँ । नियम र नीतिका कारण काम रोक्ने वा बाधा अड्काउ हुने अवस्था छैन । जिम्मेवारीमा रहनुभएका व्यक्तिले कति छिटो अगाडि बढाउनुहुन्छ भन्ने विषय नियतमा भर पर्छ ।"

मन्त्री रावलले लालपुर्जा वितरणको कामलाई तीव्रता दिन जिल्ला समितिलाई आवश्यक सुझाव दिन आग्रह गरिएको बताउनुभयो । मन्त्री रावलले आफूले सहकारी पीडित तथा भूमिहीन नागरिकसँग प्रत्यक्ष संवाद गरी स्थानीयका समस्या र गुनासा सुनेको तथा सरकारले गरिरहेका कामबारे उहाँहरुलाई जानकारी गराएको बताउनुभयो ।

नेप्से परिसूचक झिनो अंकले बढ्यो

काठमाडौँ । धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार झिनो अङ्कले बढेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक शून्य दशमलव ९४ अङ्कले बढेर दुई हजार ६३० दशमलव ७६ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ३० अङ्कले घटेर ४७५ दशमलव ४७ मा पुगेको छ ।

त्यस्तै फ्लोट सूचक शून्य दशमलव १० अङ्कले घटेर १८२ दशमलव ११ मा पुगेको छ ।

त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव २६ अङ्कले घटेर १६० दशमलव ६९ मा पुगेको छ । मंगलबार विभिन्न कम्पनीका एक करोड ५३ लाख ४६ हजार २२६ कित्ता सेयर रु पाँच अर्ब ७९ करोड ९३ लाख ३० हजार २०३ मूल्यमा खरिद बिक्री भएको छ ।

उपसमूह १३ मध्ये चार उपसमूह बढ्यो भने नौ उपसमूह घट्यो । मंगलबार १३५ कम्पनीको सेयर बढ्यो भने १३६ कम्पनीको सेयर घट्यो । त्यसैगरी आठ कम्पनीको सेयर स्थिर रह्यो ।

नेप्सेका अनुसार मंगलबार बेनी हाइड्रोपावर, माथिल्लो मैलुङ खोला हाइड्रोपावर, दोर्दीखोला जलविद्युत्लगायतका लगानीकर्ताले कमाएका छन् । त्यसैगरी युनिलिभर नेपाल, एभरेष्ट बैंक डिबेञ्चर, नबिल बैंक डिबेञ्चरलगायतका लगानी कर्ताले गुमाएका छन् ।

आठ अर्ब ५८ करोडको खोप सहायता

काठमाडौँ । नेपाललाई ग्लोबल एलाइन्स फोर भ्याक्सिन्स एन्ड इमुनाइजेसन (गाभी) ले रु आठ अर्ब ५९ करोड मूल्य बराबरको खोप सहायता प्राप्त गर्ने भएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको नेतृत्वको पहल र सम्वादका आधारमा नेपाललाई गाभीबाट राष्ट्रिय नियमित खोप कार्यक्रमका लागि सन् २०३० सम्म रु आठ अर्ब ५९ करोड १९ लाख ६८ हजार बराबरको सहायता प्राप्त गर्ने भएको हो ।

त्यसैगरी, सोही अवसरमा गाभीबाट नेपालको नियमित खोप कार्यक्रमका लागि प्रदान गरिँदै आएको सहायता रकमको आर्थिक वर्ष २०१६/१७ देखि २०२१/२२ सम्मको लेखापरीक्षणका क्रममा प्रक्रियागत त्रुटि औँल्याउँदै नेपालले फिर्ता गर्नुपर्ने भनी उल्लेख गरिएको तीन लाख आठ हजार २७१ अमेरिकी डलर मिनाहा भएको छ । गाभी सँगको संवादबाट सहायता रकमसम्बन्धी विषयमा सहजीकरण र तिर्न पर्ने भनि उल्लेख भएको रकम मिनाहा प्राप्त हुनुले राष्ट्रिय खोप कार्यक्रमको वित्तीय व्यवस्थापन मा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको मन्त्रालय स्रोतले जनाएको छ । नेपालले राष्ट्रिय खोप कार्यक्रममार्फत बालबालिका तथा लक्षित जनसङ्ख्या लाई विभिन्न सङ्क्रामक रोगबाट सुरक्षित राख्दै आएको छ ।

श्रमिकलाई सामाजिक सुरक्षामा समेट्न माग

काठमाडौँ । यातायात क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षामा समेट्न माग गरिएको छ ।

थाइल्याण्डस्थित बैङ्कको चुलालङ्कन विश्वविद्यालयमा सोमबार देखि सुरु भएको तीनदिने 'प्रथम विश्व सार्वजनिक यातायात सम्मेलनमा' नेपाल ट्रेड युनियन कांग्रेसका महासचिव अजयकुमार राईले नेपालमा कार्यरत यातायात क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षामा समेट्नुपर्ने बताउनुभयो । उहाँले सरकारी कर्मचारीलाई सरकारले सञ्चयकोषको स्थापना गरी प्रोत्साहन गरेजस्तै सार्वजनिक यातायात मजदुरलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनुपर्ने उल्लेख गर्नुभयो ।

सरकारी कर्मचारीका लागि भनेर कर्मचारी सञ्चयकोष स्थापना गरेर संरक्षण गरिएको भए पनि यातायात, निर्माण, नाई, गलैँचा उद्योगलगायत अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा नभएको भन्दै उनीहरुका लागि विशेष व्यवस्था हुनुपर्ने महासचिव राईले बताउनुभयो । प्रथम विश्व सम्मेलनमा विश्वभरका विभिन्न देशबाट अनुसन्धानकर्ता, सरकारका प्रतिनिधि, रोजगारदाता, विषयविज्ञ, विश्वविद्यालयका प्राध्यापक, श्रमिक युनियन, एसियन विकास बैङ्क तथा यस क्षेत्रमा क्रियाशील विभिन्न विश्वस्तरका गैरसरकारी संस्थाका प्रतिनिधिको सहभागिता रहेको छ । सम्मेलन बुधबारसम्म चल्नेछ ।

कृषि उत्पादन ओसार्न अझै पनि गाडाकै भर

सप्तरी । मधेस प्रदेशको सप्तरी लगायतका जिल्लाका ग्रामीण भेगमा कृषिजन्य सामग्री ओसार्न अझै पनि गोरु गाडाकै भर पर्नुपरेको छ ।

मुख्य अन्नबाली धान, मकै र गहुँ लगायतका उत्पादन खेतबारीबाट घर पुर्याउन ग्रामीण क्षेत्रमा गोरुगाडा (बैलगाडा) प्रयोग हुँदै आएको छ । देशमा सुविधायुक्त नवीनतम यातायाताका साधन र प्रविधिको विकास भए पनि अझै पनि कतिपय ग्रामीण क्षेत्रमा कृषिजन्य सामग्री ओसार्ने गोरु गाडा निर्विकल्प साधनको रुपमा प्रयोग भइरहेको पाइन्छ ।

महदेवा गाउँपालिका-५ भगपतपुरका दशरथमण्डल परम्परा देखि बैलगाडामा सामान ओसार्ने कामलाई अहिले पनि निरन्तरता दिइरहेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "मलाई याद भएदेखि घरमा बैलगाडा छ । दुई दशक अघिसम्म पनि टोलको अधिकांशको घरमा दुई वटा गोरु र बैलगाडा अनिवार्य हुन्थ्यो । कतै यात्रा गर्न, सामान ओसार्न, जन्तीजान, बेहुली ल्याउन पनि बैलगाडाकै प्रयोग हुन्थ्यो । तराईका जिल्लाका अधिकांश ग्रामीण क्षेत्रमा अहिले पनि हलो जोत्न, माटो सम्याउन, पराल दाइ गर्न बैल अर्थात गोरुकै प्रयोग हुँदै आएको राजविराज नगर पालिका-१३ का किशुनदेव यादवले बताउनुहुन्छ ।

सहरी र सुगम क्षेत्रमा भने प्रविधिको विकाससँगै खेत जोत्न, माटो सम्याउन, पराल दाइ गर्न ट्याक्टरको प्रयोग हुँदै आएको छ । उखु, धान, पराल, मल, रहरी, चना, तोरीलगायत कुटानी-पिसानीका बस्तु गोरु गाडामा राखेर ओसार-पसार गर्ने कार्यले मधेसको ग्रामिण क्षेत्रको मौलिकता झल्केर दिने तिरहुत गाउँपालिका गोइठीकी मेरिना देवले बताउनुहुन्छ । उहाँले भन्नुभयो, "परम्परादेखि चली आएको बैलगाडा विगतमा ग्रामीण क्षेत्रको ऐतिहासिक र महत्त्वपूर्ण सवारीका रुपमा लिने गरिन्थ्यो । यसको प्रयोग खासगरी वर्षादको तुलनामा हिउँद महिनामा बढी प्रयोग गरिन्थ्यो ।"

मुस्ताङको स्याउ सोचेजति बिक्री हुन कठिन

मुस्ताङ । व्यापारीले केही महिनादेखि मुस्ताङको स्याउ सोचेजति बिक्री गर्न सकेका छैनन् । पूर्वमा बेनी-जोमसोम सडकमार्ग अवरुद्ध भएपछि समय सीमाभित्र स्याउ बजार पठाउन नसकेका कारण सोचेअनुसार स्याउ बिक्री हुन नसकेको हो ।

केही महिनादेखि पोखरा/काठमाडौँ लगायतका फलफूल बिक्रेताको गोदाममा मुस्ताङको स्याउ थुप्रिएका छन् । स्याउ खपत हुने मुख्य समयमा सडक अवरुद्ध भएकाले मुस्ताङको स्याउ जिल्लामै रोकिएको थियो । घटनस्थापनाको दुई दिनअघि मात्रै बेनी-जोमसोम सडकमार्ग सञ्चालन भएको थियो । दसैँको अन्तिम समयमा सडक सञ्चालन भएसँगै मुस्ताङको स्याउ एकैसाथ बजार पुर्याउँदा व्यापारी लाई स्याउ बिक्री गर्न समस्या परेको हो । मुस्ताङमा स्याउको व्यापार गर्दै आइरहेका धादिङ खनियाबाँस गाउँपालिका-३ का व्यापारी राजु तामाङ यसपटक भने स्याउ नबिकेर तनाबमा परेको बताउनुहुन्छ ।

उहाँले मुस्ताङबाट एक करोड बढी मूल्यको स्याउ खरिद गरिएको भए पनि हालसम्म आधा मात्रै बिक्री भएको छ भन्नुभयो ।

"स्याउ किसानलाई पैसा बुझाइयो, यता स्याउ नबिकेर तनाबमा परेको छु", व्यापारी तामाङ भन्नुहुन्छ, "खै लगानी कसरी उठाउने हो, दसैँ पनि स्याउ बिक्री नहुँदा राम्ररी मनाउन सकिएन ।" मुस्ताङको स्याउ एकैपटक बजारमा ल्याउनुपर्दा गोदाम र मन्डी भरिएकाले स्याउको खपत हुन नसकेको हो ।

हाल मुस्ताङमा यसवर्ष स्याउको उत्पादन राम्रो भएपनि बेनी-जोमसोम सडक अवरुद्ध हुँदा यहाँको स्याउ बजारमा बिक्री हुन कठिन भएको हो । यसवर्ष मुस्ताङमा १० हजार मेट्रिकटन स्याउ उत्पादन हुने प्रक्षेपण गरिएको छ ।

विगतमा असोज अगावै मुस्ताङका स्याउ बिक्री भइसक्थ्यो । यसपाला सडक अवरुद्ध भएकाले मुस्ताङको स्याउ एकैसाथ बजार पुग्दा मूल्य र बिक्रीमा ह्रास आएको हो । यसवर्ष ७०० मेट्रिकटन स्याउ उत्पादन गर्ने लक्ष्य राखेका चिम्ले अचार्ड कृषि फार्मका सञ्चालक गुरुङले असोज महिनाभित्र सबै स्याउ बिक्री भइसक्नुपर्नेमा आधा मात्रै स्याउ बिक्री गरेको समेत बताउनुहुन्छ ।

"दसैँसम्म आधा स्याउ मात्रै बिक्री भएको छ, ४० प्रतिशत स्याउ टिपाइ हुन बाँकी छ", किसान गुरुङले भन्नुभयो, "स्याउ खपत हुन नसक्दा बढी पाकेर स्याउ बोटबाटै झरेर नष्ट भइरहेको छ, ४०० टन जति स्याउ कोल्ड स्टोरमा राखेको छु ।" गतवर्ष स्याउको बिक्री तथा व्यवस्थापन राम्रो भए पनि यसपाला स्याउ खपत हुने सिजन सकिन लागेकाले चिन्ता बढेको उहाँले बताउनुभयो ।

यसवर्ष छिटो पाक्ने स्याउ भदौ १२ र ढिलो पाक्ने स्याउ भदौ २२ गतेबाट टिपाइ गर्न पाउने जिल्लास्तरीय निर्णय गरिएको थियो । सोही निर्णयअनुसार हरितालिका तीज पर्वको अवसरमा २० प्रतिशत स्याउ बजार पठाउन सकिएको थियो ।

कृषि तथा पशु विकास कार्यालय मुस्ताङले हालसम्म ५० प्रतिशत स्याउ पोखरा-काठमाडौँ लगायतका सहरमा निकासी भएको जनाएको छ । कृषि तथा पशु विकास कार्यालय प्रमुख डा लालमणि अर्यालका अनुसार यसवर्ष सडक अवरुद्धका कारण मुस्ताङको स्याउलाई बजारीकरण गर्नमा केही समस्या परेको बताउनुभयो ।

बगैँचामा करिब ४० प्रतिशत स्याउ टिप्न बाँकी छ ।

भोटेकोशी बाढीका कारण घरपरिवार र व्यवसायम रु ७९ अर्बको क्षति : आयोग

काठमाडौँ । रसुवाको भोटेकोशी बाढीका कारण घरपरिवार र व्यवसाय/प्रतिष्ठानतर्फ रु ७९ अर्ब १७ करोड बराबरको क्षति भएको छ ।

राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको घरपरिवार तथा प्रतिष्ठानसँग सम्बन्धित सर्वेक्षणको प्रारम्भिक विवरणमा घरपरिवारतर्फ रु ६९ अर्ब ५७ करोड र व्यवसाय/प्रतिष्ठानतर्फ रु नौ अर्ब ६० करोड बराबरको क्षति भएको उल्लेख छ । सर्वेक्षणअनुसार आर्थिक क्षति सम्बन्धी प्रारम्भिक विवरणमा घर भएको जग्गा (आफ्नै स्वामित्वको) अन्तर्गत ५४ दशमलव ६५ हेक्टर क्षेत्रफलमा क्षति पुगेको छ । जसमा घडेरीमा भएको क्षति रु १३ अर्ब २६ करोड र घर निर्माण लागत रु ११ अर्ब ९५ करोडको छ । बाढीका कारण तीन हजार ६१० परिवारको स्वामित्वमा रहेको ५०७ दशमलव ९७ हेक्टर क्षेत्रफल जग्गा जमिन अर्थात रु ३५ अर्ब ४४ करोड बराबरको क्षति भएको छ । त्यसैगरी दुई हजार ९५१ परिवारको खेतबारीमा लगाएको बालीमा क्षति पुगेको छ । जुन रु २३ करोड २१ लाख क्षति हो ।

त्यसैगरी एक हजार ८७६ परिवारको भण्डारणमा रहेको खाद्यान्नमा क्षति पुग्दा रु १० करोड ४१ लाख बराबरको क्षति पुगेको छ । पशुपन्छीतर्फ एक हजार ११ परिवारले पालेको रु २१ करोड ४२ लाख बराबरका पशुपन्छी/माछामा क्षति भएको छ । आयोगका अनुसार सवारीसाधनतर्फ एक हजार ११५ परिवारको रु एक अर्ब २४ करोड बराबरको क्षति भएको छ ।

साथै बहूमूल्य, सांस्कृतिक तथा पुरातात्विक वस्तुतर्फ दुई हजार ३३० परिवारको रु पाँच अर्ब दुई लाख बराबरको क्षति भएको छ । बाढीका कारण स्थायी प्रकृतिका (टिकाउ हुने) घरायसी वस्तुमा पनि क्षति पुगेको छ । जसमा तीन हजार १८७ परिवारले रु एक अर्ब ४५ करोड बराबरको सम्पत्ति गुमाएका छन् ।

साथै अस्थायी प्रकृतिका (टिकाउ नहुने) घरायसी वस्तुमा पनि दुई हजार ७६९ परिवारले रु ६६ करोड ३५ लाख बराबरको क्षति बेहोरेका छन् । आयोगका अनुसार बाढीका कारण कूल छ हजार ८१७ परिवार, ३२ हजार ८७२ जना व्यक्ति, ४९९ प्रतिष्ठान प्रभावित भएका थिए । पूर्ण क्षति भएका आवासीय संरचनाको सङ्ख्या दुई हजार ९८९ छ ।

बाढी प्रभावित घरपरिवारतर्फ धादिङमा ९४८, गोरखामा १०८, नुवाकोटमा तीन हजार ८४१ र सुवामा एक हजार ९२० सङ्ख्या छ । साथै प्रतिष्ठानतर्फ धादिङमा १०४, गोरखामा १५, नुवाकोटमा ३२३ र रसुवामा ५७ वटा प्रभावित भएका छन् ।

सर्वेक्षणमा अनलाइन एप र ट्याब्लेटसहित कर्मचारी परिचालन गरिएको थियो ।

जसमा चार जिल्लाका १५ स्थायीय तहमा ५८ टोली र १५६ जनशक्ति समेट पटक पटक परिचालन गरिएको थियो ।

ऊर्जामन्त्री श्रेष्ठ बैंकक प्रस्थान

काठमाडौँ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठ थाइल्याण्डको राजधानी बैंकक प्रस्थान गर्नुभएको छ ।

एसिया तथा प्रशान्त क्षेत्रमा दिगो विकासका लागि अन्तरिक्ष अनुप्रयोगसम्बन्धी पाँचौँ मन्त्रीस्तरीय सम्मेलनमा सहभागी हुन मन्त्री श्रेष्ठ मंगलबार त्यसतर्फ प्रस्थान गर्नुभएको हो ।

संयुक्त राष्ट्रसङ्घीय एसिया तथा प्रशान्त क्षेत्रीय आर्थिक र सामाजिक आयोगद्वारा आयोजित सम्मेलनलाई मन्त्री श्रेष्ठले बुधबार (आज) सम्बोधन गर्ने कार्यक्रम छ । यसैगरी थाइल्याण्ड, नेपाल र यूएन इएससीएपीले संयुक्त रूपमा आयोजना गरेको 'सगरमाथादेखि सागरसम्मः एसिया-प्रशान्त क्षेत्रमा शृङ्खलाबद्ध विपद् रोक्न नेपालको भोटेकोशी-त्रिशूली घटनाले सिकाएका पाठ' विषयक कार्यशाला लाई मन्त्री श्रेष्ठले बिहीबार सम्बोधन गर्ने कार्यक्रम छ ।

सम्मेलनका क्रममा मन्त्री श्रेष्ठले विभिन्न देशका मन्त्रीसँग भेटवार्ता गर्नुहुने उहाँका प्रमुख स्वकीय सचिव सन्जिव महर्जनले बताउनुभयो । सम्मेलनका क्रममा मन्त्री श्रेष्ठले विपद् पूर्वसूचना प्रणाली, क्षेत्रीय स्याटेलाइटको निःशुल्क प्रयोग र जलवायु क्षतिपूर्तिको विषय उठाउने महर्जनले बताउनुभयो ।

भ्रमणमा टोलीमा नेपाल मौमस विज्ञान विभागको महा निर्देशक अर्चना श्रेष्ठ, मन्त्रालयका शाखा अधिकृत देवचन्द्र गड्तौला, जलवायु, विपद् उत्थानशीलता तथा अन्तरराष्ट्रिय विकास विज्ञ तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका बोर्ड सदस्य अंकिता शाह सहभागी हुनुहुन्छ । मन्त्री श्रेष्ठ शनिबार स्वदेश फर्किने कार्यतालिका छ ।

विना इजाजत स्वास्थ्य संस्था चलाउनेलाई कारबाही

झापा । मेचीनगर नगरपालिकाले अनुमति बेगर अस्पताल, क्लीनिक तथा प्रयोगशाल सञ्चालन गर्ने १३ निकायलाई कारबाही गरेको छ ।

नगरपालिकाको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय, स्वास्थ्य कार्यालय र उपभोक्ता जागरण अभियान नेपालको टोलीले चारआली, धुलावारी, इट्टाभट्टा र काँकडभिट्टामा सञ्चालित दुई दर्जनभन्दा बढी अस्पताल, क्लीनिक र फार्मेसीमा अनुगमन गरेको थियो ।

विना अनुमति सञ्चालन गरिएका स्वास्थ्य संस्थालाई आजैदेखि शिलबन्दी गरिएको मेचीनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठले संचारकर्मीहरुलाई बताउनुभयो ।

शिलबन्दीमा मेचीनगर-१३ चारआली स्थित मनकामना अस्पताल र मेचीनगर-१० धुलाबारीस्थित सामुदायिक स्वास्थ्य सेवा प्रालिसमेत रहेका छन् । इजाजत सम्बन्धी कागजात नभएका दुईवटै संस्थालाई जनही रु दुई लाख ५० हजार जरिवाना गरिएको छ ।

नगरपालिकाले इजाजत नलिई प्रयोगशाला (ल्याब) सञ्चालन गरेका मेचीनगर-१० धुलाबारीको शिखर अस्पताल प्रालिलगायत ११ वटा अस्पताल, क्लीनिक र फार्मेसीलाई रु ७५ हजारका दरले जरिवाना गरिएको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले जानकारी दिनुभयो ।

अवैध रुपमा प्रयोगशाला सञ्चालन गर्दै आएका प्रतिमा जमूना मेडिकल, न्यूमिलन मेडिकल हल, रोहन मेडिकल, दिव्यांशी मेडिकल, बरुनाभ मेडिकल, भरोसा मेडिकल, काँकडभिट्टा आइकेयर सेन्टर, तेजस्वी मेडिकल, रस्मिका फार्मेसी र जीवन रक्षा मेडिकल जनही रु ७५ हजारका दरले जरिवाना गरिएको छ । "कहलिएका मेडिकल क्लीनिक र अस्पतालमा समेत विना इजाजत प्रयोगशाला सञ्चालन गरिनु गम्भीर लापरबाही हो", बजार अनुगमनमा खटिनु भएको उपभोक्ता जागरण अभियान झापाका सदस्य अर्जुन कार्की भन्नुहुन्छ, । "नागरिकको स्वास्थ्य सेवासँग जोडिएको सम्वेदन शील विषयमा गल्ती र लापरबाही गर्ने छुट कसैले पनि पाउनुहुँदैन ।" अनुगमनपछि अस्पतालसहित ११ वटा निजी स्वास्थ्य संस्था तथा क्लीनिकमा अनुगमन टोलीले शिलबन्दी गरेको थियो ।

इजाजतपत्र अद्यावधिक गरेपछि मात्र शिल खोलिने मेचीनगर स्वास्थ्य शाखाकी प्रमुख सविता सापकोटाले बताउनुभयो ।

दसैं बिदाका कारण हेटौँडामा रगत अभाव

बागमती । दसैं बिदाका कारण हेटौँडामा रगतको अभाव भएको छ। दसैं बिदाका कारण यस बीचमा विभिन्न सङ्घसंस्थाका रक्तादनका कार्यक्रम नभएका कारण रगतको अभाव भएको नेपाल रेडक्रस सोसाइटी हेटौँडा, रक्त सञ्चार केन्द्रका प्रमुख टङ्क दाहालले जानकारी दिनुभयो ।

रगत अभाव भएसँगै केन्द्रका तर्फबाट सङ्घ संस्थासँग रक्तदानका लागि आह्वानसमेत गरिएको छ। संस्थाको आह्वानसँगै आज चुरियामाईमा गरिएको रक्तदानमा २१ युनिट रगत सङ्कलन भएको उहाँले जानकारी समेत दिनुभयो ।

रगत अभावलाई दृष्टिगत गर्दै हिमालयन राइडर्स सोसाइटी, हेटौँडाले रेडक्रस हेटौँडा शाखा सँगको समन्वयमा यही कात्तिक १२ गते बिहीबार बिहान ७ बजे हेटौँडा मेनरोडस्थित बुद्धचोकमा रक्तदान कार्यक्रमको आयोजना गरेको सोसाइटीका अध्यक्ष राजु थापामगरले सो क्रममा जानकारी दिनुभयो । रगत अभावको समस्या लाई केही हदसम्म कम गर्न सकिन्छ भन्ने उद्देश्यका साथ रक्तदान कार्यक्रम आयोजना गरिएको बताउँदै उहाँले रक्तदानका लागि सबैमा अनुरोध गर्नुभयो । रक्त सञ्चार केन्द्र प्रमुख दाहालका अनुसार हेटौँडामा दैनिक १० देखि १५ युनिट रगत आवश्यक हुने गरेको छ ।

हेटौँडामा ५५ जना नियमित डाइलोसिस गर्नुपर्ने बिरामी रहेका कारण उक्त युनिट रगत अपरिहार्य हुने गरेको उहाँले बताउनुभयो ।

सुक्खा बन्दरगाहका प्रवेशद्वार २४ घण्टा सञ्चालन गर्ने व्यवस्था मिलाउन निर्देशन

काठमाडौँ । प्रतिनिधिसभा पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेल र बारा निर्वाचन क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य अरविन्द साहले वीरगञ्ज भन्सार कार्यालय मातहत रहेका तत्कालिन वीरगञ्ज को सुक्खा बन्दरगाह र वीरगञ्ज एकीकृत जाँचचौकीको स्थलगत अनुगमन गर्नुभएको छ ।

सार्वजनिक-निजी साझेदारी (पीपीपी) अवधारणा अन्तर्गत निजी क्षेत्रमार्फत सञ्चालन भइरहेका ती बन्दरगाहको भौतिक पूर्वाधार, व्यवस्थापकीय अवस्था तथा सञ्चालन प्रक्रियाबारे जानकारी लिने उद्देश्यले अनुगमन गरिएको पूर्वाधार विकास समितिका सभापति गजुरेलको निजी सचिवालयले जनाएको छ। इन्टरमोडल यातायात विकास समिति र पारवहन तथा गोदाम व्यवस्थापन कम्पनीबीच एकीकरण भएपछि हाल ती बन्दरगाह पारवहन तथा गोदाम व्यवस्थापन कम्पनीमार्फत सञ्चालन भइरहेका छन् । अवलोकनका क्रममा उहाँहरुले एकीकृतपछिको सञ्चालन अवस्था, व्यवस्थापकीय प्रभावकारिता तथा सेवा प्रवाहमा देखिएका समस्या र सुधारका सम्भावनाबारे जानकारी लिनुभयो । उहाँहरुले पारवहन तथा गोदाम व्यवस्थापन कम्पनीका सहायक प्रबन्धक कमल ज्ञवाली, सुक्खा बन्दरगाह सञ्चालक कम्पनी प्रिस्टिन भ्यालीका प्रमुख कार्यकारी अधिकृत राजीव मोहन झा तथा एकीकृत जाँचचौकी सञ्चालक कम्पनी टीआरएस लजिपार्कका व्यवस्थापक गणेशप्रसाद घिमिरे लगायतसँग त्यस अवसरमा छलफल गर्नुभएको थियो ।

पूर्वाधार विकास समितिका सभापति गजुरेलले बन्दरगाहका प्रवेशद्वार २४ घण्टा सञ्चालन हुने व्यवस्था मिलाउन सञ्चालक कम्पनीलाई अनुरोध गर्नुभएको छ । वीरगञ्ज सुक्खा बन्दरगाहमा औसतमा मासिक ११० वटा मालवाहक रेल आउने गरेको तथा वीरगञ्ज एकीकृत जाँच चौकीमा दैनिक औसत ८०० वटा मालवाहक सवारीसाधन आवतजावत गर्दै आएका छन् । सभापति गजुरेलले विशेषगरी रेलसम्बन्धी पूर्वाधारको प्रभावकारी उपयोग, रेल सञ्चालन लाई थप व्यवस्थित बनाउने तथा मालसामानको ढुवानी प्रक्रियालाई सहज र प्रभावकारी बनाउने विषयमा आवश्यक निर्देशन दिनुभएको सचिवालयले जनाएको छ ।

उहाँले नेपालमा रासायनिक मलको आपूर्तिमा रेलमार्गको महत्वपूर्ण भूमिका रहेकाले मल आयातसँग सम्बन्धित भन्सार प्रक्रिया सहज, छरितो र व्यवस्थित बनाउन सुझाव दिनुभएको थियो ।

म्याग्दीमा संघीय सरकारका तीन वटा कार्यालय थपिए

म्याग्दी । जिल्लामा सङ्घीय सरकारका तीन वटा कार्यालय थपिएका छन् । पूर्वाधार विकास मन्त्रालय अर्न्तगतका कार्यालयहरू जिल्लामा स्थापना भएपछि विकास आयोजना कार्यान्वयनमा सहजता हुने अपेक्षा गरिएको छ ।

सङ्घीय खानेपानी तथा ढल ब्यवस्थापन, जलस्रोत तथा सिँचाइ र स्थानीय पूर्वाधार विकास आयोजनाको कार्यालय थपिएका जिल्ला समन्वय समिति, म्याग्दीका कार्यवाहक प्रमुख डिलकुमारी खत्रीले जानकारी दिनुभयो । "पूर्वाधार विकास मन्त्रालयले म्याग्दीमा तीन वटा नयाँ कार्यालय विस्तार गर्ने निर्णय गरेर सहजिकरणका लागि समन्वय समितिलाई पत्राचार गरेको छ," उहाँले भन्नुभयो, "खानेपानी तथा ढल ब्यवस्थापन कार्यालय साविक एकाइ रहेको भवनबाट सञ्चालन हुनेछ भने अन्य दुई वटा कार्यालयका लागि भवनको खोजीमा छौँ ।"

स्थानीय पूर्वाधार विकास आयोजनाको कार्यक्षेत्र म्याग्दी, बागलुङ र मुस्ताङ तोकिएको छ । खानेपानी तथा ढल ब्यवस्थापन आयोजनाको कार्यक्षेत्र म्याग्दी, पर्वत, बागलुङ र मुस्ताङ रहेको छ । जलस्रोत तथा सिँचाइ आयोजनाको कार्यक्षेत्र कालीगण्डकी नदी तथा बेसिनका जिल्लाहरू रहेका छन् ।

दश वर्षमा बनेको पुल पनि सञ्चालनमा आएन

बाजुरा । जिल्लाको बेतालमाडौँ-डेल्टा सडकको बार्जुगाड खोलामा १० वर्ष लगाएर पुल निर्माण गरिए पनि अझै सञ्चालनमा आएको छैन। स्थानीय खप्तड छेडेदह गाउँ पालिका ३ र बूढीगङ्गा नगरपालिका-४ को बीचको त्यस खोलामा दुई वर्षमा निर्माण गरी सक्नुपर्ने पुल १० वर्षमा निर्माण भएको थियो । खप्तड छेडेदह-३ का स्थानीय रामबहादुर रावतका अनुसार अहिले पुल निर्माण सम्पन्न भएको महिनौं बितिसक्दा पनि सञ्चालनमा आएको छैन ।

"यसअघि खोलामा पुल नहुँदा विद्यार्थी, बिरामी तथा दैनिक कामकाजका लागि आवतजावत गर्ने स्थानीयले वर्षायाममा जोखिम मोलेर खोला तर्नुपर्ने बाध्यता थियो," उहाँले भन्नुभयो, "अहिले पुल बनेपछि पैदल आवतजावत गर्न सहज भएको छ । तर, पुल सञ्चालनमा नआउँदा यातायातमा हुने समस्या भने उस्तै छ ।" पुल निर्माण भएपछि सहज रुपमा यातायात सेवा लिने आशा गरेका स्थानीयवासीले पुरानै समस्या झेल्नु परेको उहाँले बताउनुभयो ।

विसं २०७३ मा तत्कालीन जिल्ला विकास समितिद्वारा पक्की पुल लागि रु दुई करोड २९ लाखमा दुई वर्षमा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको थियो । अछामको साउँद एडभेन्चर जेभीले निर्माणको जिम्मा लिएको उक्त पुल तयार हुन करिब १० वर्षमा लागेको हो ।

पूर्वाधार विकास कार्यालय साँफेबगर अछामका प्रमुख जङ्ग बहादुर थापाले निर्माण कम्पनीको लापर्वाहीका कारण पुल निर्माणमा ढिलाइ भएको बताउनुभयो ।

उहाँका अनुसार दुई वर्षभित्र निर्माण सम्पन्न हुनुपर्ने पुल २०८३ असारमा मात्रै सम्पन्न भएको हो । पुलको काम सकिए पनि वरपरको सडकको अवस्था राम्रो नहुँदा सञ्चालनमा ल्याउन नसकिएको उहाँले सो अवसरमा बताउनुभयो । निर्माण कार्यमा भएको र विभिन्न प्रकारका ढिलाइका कारण आर्थिक दायित्वसमेत थपिएको कार्यालयको भनाइ छ ।

"पुल निर्माणको सम्पूर्ण काम सकिएको छ । तर, निर्माण कम्पनीले काममा ढिलाइ गरेपछि महालेखाले कूल बजेटको १० प्रतिशत रकम असुल गर्नुपर्ने भन्दै रु २२ लाख बेरुजु देखाएको छ," उहाँले भन्नुभयो, "ठेकेदारले उक्त रकम असुल गर्न नमान्दा हालसम्म पुल हस्तान्तरणसमेत भएको छैन ।" यस्तै, पुल निर्माण सम्पन्न भए पनि सडकखण्डका विभिन्न स्थानमा पहिरोबाट सडक अवरुद्ध हुँदा स्थानीयवासीले थप समस्या भोग्नुपरेको छ । बेतालमाडौँ-डेल्टा सडकखण्डको बूढीगङ्गा नगरपालिका क्षेत्रमा लामो समयदेखि सडक अवरुद्ध रहेको स्थानीय दीपक रावतले बताउनुभयो । स्थानीयलाई आवतजावत तथा दैनिक काम काजमा समस्या भइरहेको छ ।

बूढीगङ्गा नगरपालिकाका नगरप्रमुख रामबहादुर बानियाँले अवरुद्ध रहेको सडक दसैं अगाडि नै खोलेर सुचारु गर्ने तयारी गरे पनि मेसिन बिग्रिएकाले अब मर्मतपछि लगत्तै खोलिने जानकारी दिनुभयो ।

शुक्लाफाँटामा तेह्र दिनमा ६०० पर्यटक

महेन्द्रनगर । सुदूरपश्चिम प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य कञ्चनपुर को शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटक अवलोकन गर्न आउने क्रम वृद्धि भएको पाइएको छ। मुलुक चाडपर्वमय भइरहेका बेला शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको भ्रमण गर्नेको सङ्ख्या बढेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका रेञ्जर विक्रम चौधरीले जानकारी दिनुभयो ।

करिब ३०५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको निकुञ्ज विश्वमै ठूलो बाह्रसिङ्गा हुल अवलोकन गर्न पाउने निकुञ्जका रुपमा परिचित छ । त्यस्तै मुलुकभरमै थोरै क्षेत्रफलमा धेरै पाटे बाघ भएको निकुञ्जका रुपमा समेत परिचित छ। यहाँ दुई हजार तीन सयभन्दा बढी बाह्रसिङ्गा, ५० वटा पाटे बाघ, २० भन्दा बढी गैडा, साढे चार सयभन्दा बढी चराचुरुङ्गी पाइने निकुञ्ज कार्यालयले जनाएको छ । गत असोज २८ गतेदेखि कात्तिक ९ गतेसम्म १३ दिनको अवधिमा आन्तरिक र बाह्य गरी ५९० जनाले निकुञ्जको अवलोकन भ्रमण गरेको रेञ्जर चौधरीले बताउनुभयो । "बर्सातका बेला निकुञ्ज प्रवेश बन्द थियो। असोजको अन्तिम साता मात्रै खुला गरिएको हो", चौधरीले भन्नुभयो, "चाडपर्वका बेला घर आएका कञ्चनपुरसहित सुदूरपश्चिमका साथै मुलुकका विभिन्न स्थानबाट यहाँ आउने क्रम बढेको छ ।"

निकुञ्ज खुला भएयता सोमबारसम्म यहाँ ५६० जना आन्तरिक, २३ जना सार्क मुलुकका र सात जना अन्य मुलुकका पर्यटकले अवलोकन भ्रमण गरेको रेञ्जर चौधरीले बताउनुभयो । आन्तरिक पर्यटकलाई निकुञ्ज प्रवेश शुल्क प्रतिव्यक्ति रु १००, सार्क राष्ट्रका पर्यटकलाई प्रतिव्यक्ति रु ७५० र सार्क राष्ट्र बाहेकका विदेशी पर्यटकलाई प्रतिव्यक्ति रु एक हजार ५०० शुल्क लिइने गरेको निकुञ्ज कार्यालयले जनाएको छ। "काम र अध्ययन लगायतका कारणले जिल्ला बाहिर रहनुभएका कञ्चनपुरका स्थानीय नागरिक पनि बिदाका बेला शुक्लाफाँटा घुम्न आउने गरेका छन्", चौधरीले भन्नुभयो, "निकुञ्जको प्रचारप्रसार र पर्यटक प्रवर्द्धनका लागि पनि प्रयास भइरहेकै छन् ।"

कञ्चनपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष दिनेश मल्लले कञ्चनपुरका पर्यटकीय गन्तव्यमा पछिल्लो समय आन्तरिक पर्यटकको भीडभाड रहेको बताउनुभयो । "शुक्लाफाँटा, महाकालीस्थित चार लेनको पक्की भाइरल पुल, झोलुङ्गे पुल, बेदकोट ताल र झिलमिला तालमा पर्यटकको आवागमन वृद्धि भएको छ ।" उहाँले भन्नुभयो, "अहिले पश्चिमी नाका गड्डाचौकी भएर भारतको नैनीताल र कैची धाम घुम्ने जाने नेपालीको सङ्ख्यामा पनि वृद्धि भएको छ ।" उहाँले पर्यटकीय स्थलमा आउने पर्यटकको यातायात, आवास र सुरक्षालगायतका विषयमा सरोकारवाला निकायले ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

विदेश जाने होइन, स्वदेशमै फूल फुलाउने अठोट

दमौली । दमौलीका दुई युवाले सयपत्री जातका फूलखेती सुरु गर्नुभएको छ ।

वैदेशिक रोजगारीमा जाने युवाको सङ्ख्या बढिरहेका बेला उहाँहरुले भने स्वदेशमानै केही गर्ने अठोटका साथ फूलखेती सुरु गर्नुभएको छ। व्यास नगरपालिका-४ सिमलटारमा स्थानीय गगनसिंह बस्नेत र लक्ष्य अधिकारीले दुई रोपनी जग्गामा सयपत्री फूलखेती गरेर स्थानीयस्तरमै सम्भावना खोज्ने प्रयास गर्नुभएको हो ।

तिहार नजिकिँदै गर्दा सिमलटारको खेतमा सयपत्री फूल ढकमक्क फुल्न थालेका छन् । पहेँलपुर फूलले खेतको दृश्य आकर्षक बनेको छ भने दुई युवालाई आफ्नो मेहनतको प्रतिफल बजारमा पुर्‍याउने चाहना छ । उहाँहरूको उद्धेश्य फूल बेचेर आम्दानी गर्नुमा मात्रै सीमित छैन, स्थानीय उत्पादनको प्रयोग बढाउनु र बाहिरबाट आउने फूलको निर्भरता घटाउन सन्देश दिनु पनि हो। बस्नेत र अधिकारीले खाली रहेको जग्गाको सदुपयोग गर्दै पहिलोपटक सयपत्री फूलखेती सुरु गर्नुभएको हो । बस्नेतले कार वास सेन्टरसमेत सञ्चालन गर्दै आउनुभएको छ । जग्गा खाली रहेको अवस्थामा त्यसलाई उपयोगी काममा लगाउने सोचले फूलखेती सुरु गरिएको बस्नेतले बताउनुभयो। तिहारजस्ता चाडपर्वमा फूलको माग बढ्ने भए पनि बजारमा बाहिरबाट ल्याइएका फूलको प्रयोग हुने गरेको देखेपछि स्थानीयस्तरमै फूल उत्पादन गर्ने सोच आएको बस्नेतको भनाइ छ । आफ्नै ठाउँमा फूल उत्पादन गर्न सकिने सम्भावना देखेर पहिलोपटक खेती सुरु गरेको उहाँले उल्लेख गर्नुभयो । "बाहिरबाट फूल आउने गरेको देख्यौँ । हाम्रो ठाउँमा पनि फूल उत्पादन गर्न सकिन्छ भन्ने लाग्यो", बस्नेतले भन्नुभयो, "बाहिरबाट आउने फूलको सट्टा स्थानीयस्तरमै उत्पादन भएको फूल प्रयोग गर्नुपर्छ भन्ने सन्देश दिन पनि हामीले खेती सुरु गरेका हौँ ।" दुई रोपनी जग्गामा गरिएको खेतीबाट प्राप्त हुने उत्पादन र बजारको माग हेरेर आगामी दिनमा खेती विस्तार गर्ने योजना रहेको बताउनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com